# नेपाल अवुर्द रोग निवारण संस्था

चितवन शाखा

## प्रतिवेदन २०७०/०७१

### १) १६ औं बार्षिक साधारण सभा सम्पन्न

नेपाल अवुर्द रोग निवारण संस्था चितवन शाखाको १६ औं बार्षिक साधारण सभा डिसेम्वर २५, २०१३ का दिन केन्द्रिय सदस्य बद्रिनाथ पोखेलको प्रमुख आतिथ्यमा जिल्ला सभापति दिनेश कुमार चुकेको सभापतित्वमा १७ औं साधारण सभा सम्पन्न भयो । जसमा कार्यसमितिलाई चुस्त र दुरुस्त वनाउन कार्यसमितिलाई पुर्न गठन गरीयो ।

### २) विद्यालय क्यान्सर सम्वन्धि सचेतना कार्यक्रम

चितवन जिल्लाका सामुदायिक विद्यालयहरु शारदा मा.वि. शारदानगर र दुर्गा मा.वि. विजयनगर, किरण मा.वि. किरणगञ्ज चितवनमा क्यान्सर सम्वन्धि पोष्टर पम्प्लेट तथा शिक्षण सामाग्री वितरण कार्यक्रम सम्पन्न गरियो ।

### ३) केन्द्रिय सभामा सहभागी

नेपाल अवुर्द्ध रोग निवारण संस्था चितवन शाखा बाट २३ औं केन्द्रिय सभामा भूपु अध्यक्षहरु श्री जगदिश भक्त जोशी., ज्ञान कुमार चुके, अध्यक्ष दिनेश कुमार चुके, कोषाध्यक्ष प्रकाश पौडेल, सचिव अर्जुन घिमिरेको सहभागीत रहेको थियो ।

### ४) क्यान्सर रोग सम्वन्धी जन चेतना तथा पाठेघर परीक्षण

नेपाल अर्वुदरोग निवारण संस्था चितवन शाखा र वि.पि. कोइराला क्यान्सर अस्पतालको प्राविधिक सहयोगमा विभिन्न स्थानमा पाठेघर क्यान्सरको प्याप स्मेर टेष्ट लगायत अन्य टेष्टहरु सम्पन्न भएको छ । यसरी सम्पन्न भएको स्थानहरुमा भ.न.पा. ११ को गणेशस्थान, शक्तिखोरको देवीटार, पश्चिम चितवनको मिलनचोकको मिलन क्लवमा साथै निकट भविष्यमा मुग्लिङ्गमा गर्ने कार्यक्रम रहेको छ । यसरी गरीएका कार्यक्रममा करिव १००० जनाको परीक्षण तथा करीव २०० जनामा पोजेटिभ लक्षण देखा परेको थियो । सो कार्यक्रममा संस्थाका भुपु अध्यक्ष वद्रीनाथ पोखेल, अध्यक्ष दिनेश कुमार चुके, सचिव अर्जुन घिमिरे, सहसचिव दिवाकर शर्मा पौडल, सदस्य कृष्ण तिमिल्सेनाको साथै BPKMCH का प्राविधिक टोलीको समेत सहभागिता रहेको थियो ।

५) **विश्व क्यान्सर दिवस २०७१**

विश्व क्यान्सर दिवस २०७१ को उपलक्ष्यमा नेपाल अवुर्दरोग संस्था BPKMCH, जनस्वास्थ्य कार्यालय, जिल्ला प्रशासन कार्यालय र विभिन्न गैह्र सरकारी संघ संस्थाहरु सँग सहकार्य गरी क्यान्सर रोगका बारेमा अन्तरक्रिया कार्यक्रम BPKMCH को सभाहलमा सम्पन्न गरीयो । साथै प्रमुख जिल्ला अधिकारी नरेन्द्रराज शर्माको अगुवाई साथै संस्थाका पदाधिकारीहरु समेतले नारायणगढमा रहेका ४ वटै सिनेमा हलमा प्रवेश गरी क्यान्सर सम्वन्धि चेतना तथा सार्वजनिक स्थानमा धुमपान नगर्ने चेतावनी दिने कार्यक्रम गरीयो । यस कार्यक्रमको सभापतित्व संस्थाका अध्यक्ष दिनेशकुमार चुके र प्रमुख आतिथ्य डा. भक्तमान श्रेष्ठ गर्नु भएको थियो ।

६) **विश्व धुम्रपान रहित दिवस २०१४ सम्पन्न ।**

नेपाल अर्वुद रोग निवारण संस्था चितवन शाखा द्धारा धुम्रपान रहित दिवसको का दिन विपि कोइराला मेमोरियल क्यान्सर अस्पताल, जनस्वास्थ्य कार्यलय चितवन शाखा, जिल्ला प्रशासन कार्यालय चितवन र हंस वहुउद्देश्यीय सहकारी संस्था आदिको सहयोगमा भव्य रुपमा सम्पन्न गरीयो । उक्त दिन विहान पोखरा वसपार्कबाट निकालिएको प्लेकार्ड सहितको झाँकी प्रदर्शनमा विभिन्न क्लवहरु, टोल विकास संस्थाहरु नर्सिङ्ग विद्यार्थीहरु, क्यान्सर अस्पतालका डाक्टर तथा नर्सहरुको सहभागिता तथा व्रंह्मकुमारी राजयोग सेवा केन्द्रका व्रह्मकुमार तथा व्रह्मकुमारीहरुको पनि उपस्थिति रहेको थियो । NO Tobaco अंकित टि-सर्टमा सजिएका विशाल र्‍यालीको सौदर्न्य अत्यन्त मनमोहक देखिएको थियो । उक्त दिन दिनको २ वजे चितवन जिल्ला माध्यमिक विद्यालय स्तरीय "धुम्रंपान नियन्त्रणमा युवाको भूमिका" विषयक वक्तीत्वकला प्रतियोगिता भएको थियो । जसमा जिल्ला भरीबाट १७ जना विद्यार्थीको उपस्थिती रहेको थियो । कार्यक्रममा प्रमुख जिल्ला शिक्षा अधिकारी रमाकान्त शर्माको प्रमुख आतिथ्यतामा कार्यक्रम संचालन भएको थियो भने प्रतियोगितामा प्रथम, द्धितिय र तृतियमा क्रमश कुशल अधिकारी, जनप्रिय पव्लिक स्कूल शारदानगर, निकिता कडेल लक्ष्मी उच्च मा.वि. र सम्मता खनाल सन राइज वोडिङ्ग स्कूलले क्रमश रु. ५,०००।००, ३०००।०० र १५००।०० पुरस्कार र

प्रमाण पत्र प्राप्त गरेका थिंए भने सान्तोनामा कृतिका आचार्य सनराइज वोडिङ्ग स्कुलकी छात्राले रु. ५००।०० र प्रमाण पत्र प्राप्त गरेकी थिइन।

७) **क्यान्सर कुरुवा घर निर्माणार्थ चाइनिज एग्रोवेटिक कार्यक्रम :**

चितवन जिल्ला नेपाल अधिराज्यको भौगोलिक हिसावले केन्द्र विन्दुमा रहेको र सुविधा सम्पन्न क्यान्सर अस्पताल रहेको कारणबाट नेपाल अधिराज्य भरमा मानिसहरुको क्यान्सर उपचार्थ ओइरो लाग्ने गर्दछ । कतिपय विरामीहरुको महिनौ सम्म वस्नु पर्ने कारण होटलको वसाई अत्यान्त महङ्गो पर्ने हुन्छ । हाल नेपाल अर्वुदरोग निवारण संस्था चितवन शाखा द्वारा वि.पि. कोइराला मेमोरियल क्यान्सर अस्पताल हाता भित्र संचालन गर्दै आएको ४ वटा कोठामा ८ वेडको क्षमता छ जुन अत्यन्त खचाखच छ । साथै त्यहाँ आउने विरामी कुरुवाहरुले धेरै माग गरेका कारण हाम्रो यस संस्थाले यसको आवश्यकता महसुस गरी चाइनिज एकरोवेटिक टोली ल्याई एकरोवेटिक कार्यक्रम प्रदर्शन गरी उठेको रकमबाट विरामी कुरुवा घर निर्माण गर्ने कार्यक्रमका साथ कार्यक्रम सम्पन्न गर्‍यो । जसमा आम व्यवसायी पत्रकार, कर्मचारी आदीको व्यापक सहभागिता रहेको थियो ।

८) नारायणगढ स्थिति युरेसिया रेयुकाई नारायणगढमा क्यान्सर सचेतना कार्यक्रम संचालन वद्रिनाथ पोखेल तथा जिल्ला सदस्य कृष्णहरि तिमिल्सेनाले संचालन गर्नु भएको थियो ।

९) **शक्तिखोर गा.वि.स. को कार्यक्रम :**

नेपाल आर्वुद्ध रोग निवारण संस्था चितवन शाखा र हंस बहुउद्देश्यीय सहकारी संस्थाको संयुक्त आयोजनामा संस्थाको पदाधिकारीहरु सभापति दिनेश कुमार चुके, सवित्री पिया र अवनि मैनालीबाट त्यस गा.वि.स. का व्यक्तिहरुलाई क्यान्सर सम्वन्धि जनचेतना मुलक कार्यक्रम गरी सोही सम्वन्धि व्रुसर र पत्रपत्रिका वितरण गरियो ।

१०) **नयाँ आजिवन सदस्य**

नेपाल अर्वुद रोग निवारण संस्था चितवन शाखालाई उद्देश्यमा पुऱ्याउनका निमित्त सकृया सामाजिक व्यक्तित्वहरुको छनौट गरी थप १० जना आजिवन सदस्य वनाइयो ।

११) **विरामीलाई भारत उपचार गर्न जानका लागि सिफारिस सम्वन्धमा ।**

चितवन शाखा द्वारा यसै शाखाका आ.स. श्री कृष्ण नारायण हेजुलाई रोगको उपचार गर्न भारतको टाटा अस्पतालमा जानका लागि NCRS केन्द्रिय कार्यालयमा free हवाई टिकट वनाउन सिफारिस गरियो ।

१२) हातिवन कार्यक्रम

नेपाल अर्वुद रोग निवावरण संस्था चितवन शाखाद्धारा सम्सेरदल गण भरतपुर हंस वहुउद्देश्यीय सहकारी संस्थासँग समन्वय गरि क्यान्सर रोग बारे जनचेतना जनाउने किसिमका शैक्षिक सामाग्री वितरण कार्यक्रम संस्थाका सभापति श्री दिनेश कुमार चुकेज्यूको सभापतित्मा सम्पन्न गरियो थियो ।

१३) कार्य समितिको वैठक

नेपाल अर्वुद्ध रोग संस्था चितवन शाखाको नियमित र अन्य गरी १७ वटा वैठकहरु सम्पन्न भएको छ ।

अन्तमा नेपाल अर्वुद रोग निवारण संस्था चितवन शाखा द्धारा गरिएका कार्यक्रमको छोटकरीमा प्रतिवेदन पेश गरेका छौ । यस कार्यक्रममा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग गर्ने NCRS केन्द्रिय समितिका सम्पूर्ण पदाधिकारी एवं कर्मचारीहरु, जिल्ला प्रशासन कार्यालय चितवन, BPKMCH, जनस्वास्थ्य कार्यालय, हंस वहुउेश्यीय सहकारी संस्था लि., चितवन गुँरास इन्भेष्टमेन्ट एण्ड डेभलपर्स प्रा.लि., होटल गंगोत्री, समाचार सम्प्रेषण गर्ने समाचार दाताहरु, विभिन्न सामाजिक संघसंस्थाहरुको महत्वपूर्ण भूमिका रहेको हुनाले उहाँहरु प्रति कृतज्ञता प्रकट गर्दै मुरी मुरी धन्यवाद टक्राउन चाहन्छु । सहयोग र समन्वयको लागि धन्यवाद ।

नोट : माथि उल्लेखित कार्यक्रमहरुको विभिन्न पत्रिकामा प्रकाशित कटिङ्ग, यसै प्रतिवेदनका साथ संलग्न गरी पठाइएको साथै कार्यक्रमका तस्वीरहरु केन्द्रिय कार्यालयको इमले मार्फत पठाइएको व्यहोरा जानकारी गराइन्छ ।

सचिव
अर्जुन घिमीरे
NCRS चितवन